शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक




वर्ष: ९ | अङ्क : २०८ | २०८० माघ ९ गते मङ्गलबार | 23 Jan. 2024, Tuesday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रु.: ५-

# राममन्दिरमा प्राणप्रतिष्ठा, भैरहवामा उत्साह









भारतको अयोध्यामा श्रीराम मन्दिरको प्राणप्रतिष्ठा हुने दिन सोमबार (हिजो) रुपन्देहीको भैरहवामा निकालिएको वृहत शोभा यात्रा । सिद्धार्थनगर नगरपालिका-४ स्थित श्रीराम जानकी हनुमान मन्दिरबाट सुरु भएको शोभा यात्राले नगरको विभिन्न स्थानको परिक्रमा गरेको थियो । सनातनी युवा परिवार, सनातन हिन्दू धर्म संस्कृति संरक्षण अभियान रुपन्देहीको अगुवाइमा निकालिएको शोभा यात्रामा स्थानीयको उत्साहजनक सहभागीता रहेको थियो । ***तस्विर: गौतमबुद्ध सन्देश***

# अघि बढ्यो सिद्धबाबा सुरुङ्गमार्ग निर्माण

**गौतमबुद्ध सन्देश**

बुटवल, ८ माघ ।

सिद्धबाबा सुरुङमार्ग खन्ने काम सुरु भएको छ । चीनको स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कम्पनीले २ साता अगाडिबाट मुख्य सुरुङमार्ग खन्ने काम सुरु गरेको हो ।

स्विट्जरल्यान्डको स्विस डेभलपमेन्ट कर्पोरेसन (एसडिसी) ले केही समयअघि यसको डिजाइन परिवर्तन गरी सडक विभागमा बुझाएको थियो । डिजाइन स्वीकृत भएसँगै सुरुङमार्ग खन्ने काम प्रारम्भ भएको हो । चिनियाँ निर्माण कम्पनीले निर्माणका लागि आवश्यक आन्तरिक तयारी पुरा गरेर सुरुङ खन्ने कम सुरु गरेको सिद्धबाबा सुरुङ मार्ग आयोजना प्रमुख रामपुकार जसवालले बताए ।

उनले भने,'पुस २८ सम्म मुख्य सुरुङको १.३ मिटर दक्षिण पोर्टलको, वाइपास-१ को १ मिटर, वाइपास-२ को ६ मिटर र वाइपास ३ सुरुङको २ मिटर उत्खनन गर्ने काम पुरा भएको छ ।' २ लेनको १ हजार १ सय २६ मिटरको सुरुङमार्गमा ३ ओटा आकस्मिक सुरुङमार्ग निर्माण हुने छ । १ मुख्य र ३ ओटा वाइपास सुरुङमार्ग निर्माण हुने छ ।

आयोजनाअन्तर्गत कुल २३ सय ९८ मिटर सडक निर्माण गर्नु पर्ने छ । जसमा ९ सय ४ मिटर बुटवलतर्फ, ९ सय ४४ मिटर पाल्पातर्फ निर्माण हुने छ । बाइपास सुरुङको कुल लम्बाई ४३१ मिटर छ । जसमा पहिलो बाइपास सुरुङ १ सय ५५ मिटर, दोस्रो १ सय ४५ मिटर, तेस्रो १ सय ३१ मिटर रहेको छ



। ०७८ फागुन २५ मा कम्पनीसँग आगामी ५ वर्षमा निर्माण समापन गर्ने गरी सम्झौता भएको थियो ।

निर्माण पुरा गरेपछि कम्पनीले ५ वर्षसम्मको मर्मत तथा सञ्चालन गर्नु पर्ने छ । आयोजना १० वर्ष प्रत्यक्ष निगरानीमा रहने छ । मूल सरुङमार्ग १ं हजार १ सय २६ मिटर लम्बाइको रहने छ । सरकारको लगानीमा ७ अर्ब ३४ करोड रुपैयाँको लागतमा चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कम्पनीले २०२७ को मार्च महिनासम्म निर्माण पुरा गर्नु पर्ने समय सीमा तोकिएको छ । इपिसि मोडेलमा आयोजना ठेक्का लगाइएकोले संरचनाको डिजाइन, निर्माण तथा मर्मतको जिम्मा चाइना स्टेट कम्पनीकै हुनेछ ।

त्यहाँमाथि भएका बहन ढुंगाहरु हटाइने छ । ढुंगाहरु हटाएर त्यहाँ फलामे जालीले थप जोखिमलाई नियन्त्रण गर्नको लागि ७८० मिटरको 'रकसेड' बनाउने र ८० देखि ८५ 'डिग्रीको स्वल्प' रहेको छ । माथिबाट पहिरो आए पनि छाता आकारको पूर्वाधार निर्माण गरिने भएको छ । पहिरो माथिबाट झरेर सिधा खोलामा जाने गरी 'रकसेड' निर्माण हुने जनाइएको छ । निर्माण हुने सुरुङ मार्गबाट इन्धनको ढुवानी गर्ने ट्रक तथा दुई पांग्रे साधनलाई निषेध गरिने छ । सम्झौता अनुसार ९ महिनाभित्र चाइना स्टेटले डिजाइन गरेर बुझाउने छ ।

सुरुङमार्ग निर्माणको लागि चाइना स्टेटले सुरुङमार्गको ड्रोइङ र डिजाइन सन् २०२२ को डिसेम्बर बुझाएको थियो । तर, आन्तरिक तयारी, डिजाइन, प्राविधिक पक्ष र डिजाइन रिभ्यूमा समय लाग्दा सुरुङ खन्ने काम करिब २ वर्षछि मात्र सुरु भएको हो । सिद्धार्थ राजमार्गमा निर्माण हुने सुरुङमार्गले बुटवल र पाल्पामा दुई लेनको सडक बनाउने छ । निर्माणका लागि ९ कम्पनीको प्रस्ताव पेश भएकोमा ४ कम्पनी छनौटमा परे पनि चाइना स्टेटले कम कबोलमा निर्माणको जिम्मा पाएको थियो ।

## सिद्धार्थनगर नगरपालिकाको

## नगरवासीहरुमा हार्दिक अनुरोध

१. जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद, एवं बसाई सराई जस्ता व्याक्तिगत घटना समयमै दर्ता गरौं ।
२. सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर ढल विर्सजन स्थलको रुपमा प्रयोग नगरौं ।
३. घरको नक्शा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
४. सडक अवरोध हुने गरि निर्माण सामग्री नराखौं ।
५. आफ्ना चौपाया छाडा नछोडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
६. नगरपालिकामा तोकिएको कर शुल्कहरु समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागि बनौं ।
७. प्लाष्टिकका झोलालाई निरुत्साहित गरौं ,
८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता पाउने लिस्टमा छ छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्ने वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
९. फोहोर अव्यवस्थित रुपमा खाली जग्गा, सार्वजनिक स्थल, सडक नदी नहरका छेउ फाल्दा नगर नै दुर्गन्धित हुने भएकाले यसरी अव्यवस्थित रुपमा फोहोर फाल्ने कार्य तत्काल बन्द गरी फोहोर उत्पादन तहमै स्थानीय टोल समुदाय तहमै व्यवस्थित गर्न, फोहोर संकलन गर्ने सवारी साधन (टेक्टर, टिप्पर आदि) मा राखि पठाई नगर सफा राख्ने अभियानमा सहयोग गर्नुहुन अनुरोध छ ।
१०. फोहोर जथाभावी सडक, नाली, कुला, खोलानाला, चौर कतैपनि फाल्ने व्यक्तिलाई, व्यवस्थापनमा अवरोध गर्नेलाई सिद्धार्थनगर नगरपालिकको फोहोर व्यवस्थापन ऐन बमोजिम जरिवाना तथा कैद सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा समेत जनकारी गराउदछौं ।
११. सवारी साधन जथाभावी रुपमा पार्किङ्ग नगरौं ।
१२. राजमार्ग तथा सहायक मार्गहरु मिचि सडकमा भौतिक संरचना निर्माण समाग्री नराखौं ।
१३. आफ्नो टोललाई हप्ताको एक दिन नियमित रुपमा सफा गर्ने गरौं ।

**सिद्धार्थनगर नगरपालिका**

नगरकार्यपालिकाको कार्यालय, रुपन्देही

## सम्पादकीय

# राममन्दिर र धार्मिक आस्था

भारतको अयोध्यामा बहुप्रतीक्षित राममन्दिरमा भगवान रामको मूर्तिमा प्राण प्रतिष्ठा भएको छ । निर्माणाधिन यो मन्दिरमा भक्तजनहरुका लागि खुल्ला पनि गरिएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ११ दिन उपवास बसी हिन्दु विधिपूर्वक राममन्दिरमा प्राण प्रतिष्ठा गरेका हुन् । अयोध्यामा राममन्दिर उद्घाटन हुँद्र गर्दा सयौं नेपालीहरु प्रत्यक्ष सहभागी मात्र भएनन्, देशैभरि उत्सव मनाए । जनकपुरबाट अयोध्यासम्म रेल लिएर जाने तयारी भएको भएपनि भारतले अनुमति नदिएका कारण त्यो भने संभव भएन । तर नेपालभित्रैका बिभिन्न शहरहरुमा राममन्दिर उद्घाटन हुँदा दिनभर भजन-कीर्तन, र्‍याली, झाँकी प्रदर्शन, प्रसाद वितरण, भण्डारा तथा साँझमा दीप प्रज्वलन गरियो । द्धापर युगमा अयोध्याका रामसँग जनकपुरकी सीताको विहे भएको कारण नेपालको मधेश प्रदेशसँग प्रत्यक्ष साइनो भएका कारण जनकपुर लगायतका जिल्लाहरुमा अझ भब्य कार्यक्रम गरियो । पूर्व झापादेखि पश्चिमसम्म नै भगवान राम, माता सीता र हनुमानसँग सम्बन्धित मठ मन्दिरहरुलगायतका ठाउँमा उत्सव मनाइयो ।

राममन्दिर भारतको अयोध्यामा बनेको हो । नेपाल धर्म निरपेक्ष देश हो । एउटा धर्म निरपेक्ष देशले अर्को देशमा एउटा मन्दिर निर्माण हुँदा स्वःस्फुर्तरुपमा यति उत्सव मनाइनुले दुई देशबीचको प्रगाढ सम्बन्धको उजागर गर्छ । भारतमा आधा दिन मात्र राष्ट्रिय विदा दिइँदा नेपालका कतिपय स्थानीय निकायले पुरै दिन बिदा दिनु, मन्दिर उद्घाटनको खुशीयालीमा उत्सव मनाइनु, भण्डारा लगाइनुले देशको सीमाले धार्मिक सम्बन्ध बाँधिदैन भन्ने कुराको पनि पुष्टि हुन्छ । हिन्दू धर्मले रामलाई भगवान बिष्णुको सातौं अवतार मान्दछ । हिन्दु शास्त्र अनुसार अयोध्यामा जन्मिएका रामले जनकपुरकी सीतासँग विवाह गरे, लंकाका दानव रावणको हनुमानलगायत वादर सेनाको सहयोगमा अन्त्य गरे । उनका दुई छोरा लव-कुशले नेपालकै चितवन जिल्लाको त्रिवेणीधाममा पर्ने बाल्मीकि आश्रमका शिक्षा दीक्षा हासिल गरे । भगवान रामसँग नेपालका धेरै धार्मिक स्थलहरु जोडिएका छन् । रेसुङ्गाधाम, स्वर्गद्धारी लगायतका ठाउँमा राम कुँवा अहिलेपनि देख्न सकिन्छ । सत्य जे भएपनि हिन्दुहरुको अगाध आस्था छ रामप्रति । उनै रामको मन्दिर ५ सय बर्षअघि भत्काइएको थियो । मन्दिर निर्माणको विवाद चर्किदा धेरैले ज्यान गुमाएका छन्, अदालतले न्यायिक फैसला दिएको पाँच बर्षपछि अयोध्यामा भब्य मन्दिर मात्र बनेको छैन, देशकै उत्कृष्ट पर्यटकीय गन्तब्य पनि बनेको छ । राममन्दिर उद्घाटनलाई नेपालीहरुले पनि उत्सवको रुपमा मनाएर जुन सहिष्णुता प्रदर्शन गरेका छन्, त्यसको भारतीय शासकले उच्च मूल्यांकन गर्न र नेपाल तथा नेपालीको हीतमा उभिन जरुरी छ ।

# अर्घाखाँचीमा गर्भपतनको अवस्था, न्यूनिकरण गर्न के गर्ने ?



नविन वि.क



गर्भपतन रहरले होइन बाध्यताले गराउने हो । यसका पछाडि विभिन्न बाध्यता हुने गरेको भेटिन्छन् । गर्भ रहँदा र त्यस गर्भलाई हुर्कन दिँदा निम्तिने सम्भावित जटिलताले गर्दा धेरैले गर्भपतन गराउँछन् । गर्भपतन गराउने केहि विधि प्रचलित छन् र सुरक्षित पनि । तर अहिले औषधी सेवनबाट पनि गर्भपतन गराउने गरेको पाइन्छ त्यसमा सतर्कता अपनाउनुपर्ने हुन्छ ।

ज्यानै जोखिममा राखेर अनिच्छुक गर्भपतन गराउनेहरुको संख्यामा साचेजस्तो कमी आउन सकेको छैन् । अर्घाखाँची जिल्लामा २०८० को साउनदेखि मंसिर मसान्त सम्म मात्रै २७५ जनाले गर्भपतन गराएका छन् । जसमा १६ जना किशोरी अर्थात २० वर्ष भन्दा कम उमेरकाले गर्भपतन गराएका छन् । २० वर्ष भन्दा कम उमेरकाले गर्भपतन गराउनेको तथ्यांकलाई विष्लेशण गर्दा जिल्लामा बाल विवाहको अवस्था पनि कायमै छ की ? भन्ने आकलन गर्न सकिन्छ ।

अर्घाखाँचीमा आ.व. २०७९/८० मा कुल ६७९ जनाले गर्भपतन छन भने २७ जना २० वर्ष भन्दाकम उमेरका किशोरीले गर्भपतन गराएका स्वास्थ्य कार्यालय अर्घाखाँचीको तथ्याकंमा देखिएको छ । तथ्यांक अनुसार यस अघि आ.व २०७८/७९ मा ७२४ जनाले गर्भपतन गराएका थिए भने २९ जना किशोरीले गर्भपतन गराएका थिए । तथ्यांकमा कुल गर्भपतन गराउनेको संख्यामा अघिल्लो वर्षको तुलनामा आ.व. ७९/८० मा ४५ जनाले कमी देखिएपनि २० वर्ष भन्दा कम उमेरका किशोरीहरुले गर्भपतन गराउनेको संख्यामा भने कमी देखिएको छैन् ।

यस्तै औषधी सेवनगरि आ.व ०७९/८० मा ६०८ जनाले गर्भपतन गराएका छन् भने अप्रेशन विधीबाट ७१ जनाले गर्भपतन गराएका छन् । औषधी सेवन गरी गर्भपतन गराउनेको संख्या बढ्दै गएको देखिएको छ भने अप्रेशन गरि गर्भपतन गराउनेको संख्या कमी हुँदै गएको तथ्यांकले देखाएको छ ।

यो तथ्यांक सुरक्षित गर्भपतन अर्थात मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट गर्भपतन गराउनेको मात्र भएको स्वास्थ्य कार्यालय अर्घाखाँचीका जनस्वास्थ्य निरिक्षक गणेशराज पौडेलले बताए । उनले आ.व ०७८/७९ को भन्दा ०७९/८० को संख्यामा केही मात्रामा कमी देखिएपनि त्यो अवस्था जटिलता नै रहेको बताए । 'यो तथ्यांक मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट गर्भपतन गराउनेको मात्र हो, यो न्यूनिकरणको अवस्था होइनु, असुरक्षि विधि अपनाएर गर्भपतन गराउनेको संख्याको एकीन तथ्यांक निकाल्न सकिदैन्,' उनले भने 'असुरक्षित गर्भपतन गराउनेहरु पनि उत्तिकै रहेको अनुमान गर्न सकिन्छ ।'

नेपालको कानुनले नै १२ हप्ता सम्मको सुरक्षित गर्भपतन गर्न अनुमति दिएको छ । तर अहिले १५ हप्तामाथिको पनि औषधि सेवन गरेर गर्भपतन गर्ने गर्छन् । सरकारमा सूचीकृत भएका संस्थाबाट गर्भपतन सम्बन्धी निःशुल्क सेवा लिन सकिन्छ । तर कतै सरकारी संस्थाको विश्वास नभएका कारण त कतै ग्रामीण भेगमा निःशुल्क सेवा पाइन्छ भन्ने ज्ञान नभएका कारण मेडिकलमा गएर एउटा ट्याबलेट किनी गर्भपतन गर्ने गरेको पनि पाइन्छ ।

कानुनको समेत वेवास्ता गरि गर्भपतनको गलत अभ्यास गर्दै गर्भपनलाई परिवार नियोजतका रुपमा लिइदै आइरहेको स्वास्थय कार्यालय अर्घाखाचीका सुचना अधिकारी तथा कार्यक्रम संयोजक विजय विकले बताए । उनले जिल्लामा १८ वटा सुरक्षित गर्भपतनका लागि मान्यता प्राप्त स्वास्थ्य संस्था रहेपनि त्यसभन्दा बाहिर औषधी पसलहरुबाट समेत गर्भपतन गराउने गरेको अनुमान गर्न सकिने बताए । 'गर्भपतन सेवा लिन कानुनी मापदण्डहरु छन् ति पूरा गर्नुपर्ने हुन्छ, गर्भपतन सेवा दिने संस्था र चिकित्सक दुवै सूचीकृत भएका हुन्छन्, सूचीकृत भएका संस्थामा सुरक्षित गर्भपतन सेवाको लोगो राखिएको हुन्छ,' उनले भने 'केही औषधि पसल तथा अनधिकृत वा अयोग्य स्वास्थ्यकर्मीले क्षणिक आर्थिक लाभका लागि कमसल औषधि बिक्री-वितरण गर्ने गरेको पाइन्छ, त्यो असुरक्षित हो ।'

असुरक्षित गर्भपतनले ज्यानै जान सक्ने सम्भावना हुन्छ । गर्भपतन मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट मात्रै गनुपर्ने सरोकारवाला बताउन्छन् । सरकारले सूचीकृत नगरेका ठाउँमा गर्भपतन सेवा लिनु भनेको अवैध र असुरक्षित हो । औषधि पसलेलाई औषधि सेवन र यसको डोजबारे जानकारी नै हुँदैन ।

**अर्घाखाँचीमा आ.व. २०७९/८० मा कुल ६७९ जनाले गर्भपतन छन भने २७ जना २० वर्ष भन्दाकम उमेरका किशोरीले गर्भपतन गराएका स्वास्थ्य कार्यालय अर्घाखाँचीको तथ्याकंमा देखिएको छ । तथ्यांक अनुसार यस अधि आ.व २०७८/७९ मा ७२४ जनाले गर्भपतन गराएका थिए भने २९ जना किशोरीले गर्भपतन गराएका थिए ।**

### किन गराउन्छन गर्भपतन ?

गर्भपतन गराउने धेरै कारणहरु छन् । गर्भपतन गराउने प्रमुख कारण भनेका अशिक्षा, गरिबी नै हुन । यसका अलावाः

- सन्तानको रहर पुग्नु ।
- बच्चा जन्माउने महिलाको स्वास्थ्यमा खतरा हुनु ।
- बलत्कार तथा हार्ड नाता बिच सम्बन्ध भइ गर्भ रहेमा ।
- कसैको दबाब दिएमा ।
- बच्चाको पालन-पोषण गर्ने व्यक्ति नभएमा ।

### बढ्दो गर्भपतनलाई न्यूनीकरण गर्न के गर्ने ?

गर्भपतनको बढ्दो अवस्थालाई न्यूनिकरण गर्न आवश्यक छ । बढ्दो गर्भपतनलाई न्यूनिकरण गनुपर्ने बताउँदै स्वास्य कार्यालय अर्घाखाँचीका कार्यक्रम संयोजक विजय विक यस्तो बताउँन्छन् ।

- परिवार नियोजनको अपरिपुर्त मागलाई पुरा गर्ने ।
- २० वर्षको उमेर पुरा भएपछि मात्र विवाह गर्ने ।
- उपयुक्त जन्मान्तर कामय राख्ने ।
- परिवार नियोजनको सेवालाई सबैको पहुँच र उपयोगमा बृद्धि गर्ने ।
- गर्भपतनलाई नियमित परिवार नियोजनको रुपमा नलिने ।
- किशोर-किशोरीहरुमा प्रजनन स्वास्थ्य परिवार नियोजन सुरक्षित गर्भपतन, सुरक्षित मातृत्व सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गरी ज्ञान सिप बृद्धि गर्ने ।
- गर्भवती हुँदा स्वास्थ्यमा पर्ने प्रतिकुल असरको बारेमा स्वास्थ्य शिक्षा दिने ।
- समुदाय स्तरमा प्रजनन स्वास्थ्य परिवार नियोजन गर्भपतन सम्बन्धी जानकारी गराउन समुदायमा रहेका जनप्रतिनिधि, बौद्धिक व्यक्ति, सरोकारवालालाई सचेत गराउने ।
- स्थानीय तहले विभिन्न कार्यक्रम अन्तरक्रिया स्वास्थ्य, शिक्षा सुचना मार्फत आमजनसमुदायलाई सेचत गराउने ।
- बढ्दो क्रममा हुने असुरक्षित गर्भपतनलाई रोकथाम नियन्त्रण गर्न कानुन बमोजिम सम्बन्धीत निकायले प्रभावकारी अनुगमन गरी नियन्त्रण गर्ने ।
- गर्भपतन पश्चात पुनः दोस्रो पटक गर्भपतन हुन नदिनका लागि परिवार नियोजनका लामो अवधीका साधनको अनिवार्य प्रयोग गर्ने ।

## उद्योग ब्यापार संघका निर्णय :
# भवन निर्माण, पत्रकारिता पुरस्कारदेखि कृषिमा सामूहिक लगानी




**गौतमबुद्ध सन्देश**

बुटवल, ८ माघ।

उद्योग ब्यापार संघ बुटवलले कार्ययोजना तथा कार्यशाला वैठकबाट विभिन्न महत्वपूर्ण निर्णयहरु गरेको छ।

पाल्पाको शितल फार्ममा दुई दिनसम्म चलेको वैठकमा संघका अध्यक्ष विष्णुप्रसाद पाण्डेले संघको सचिवालय भवन निर्माण, २०८२ मा बुटवल मण्डपमा पांचौं राष्ट्रिय औद्योगिक प्रदर्शनी आयोजना, सदस्यता बृद्धि, आजीवन सदस्यता वितरण, आर्थिक पत्रकारिता पुरस्कार वितरण,वस्तुगत समिति गठनदेखि कृषिमा सामूहिक लगानी लगायत योजनाहरु प्रस्ताव गरेका थिए।

अध्यक्ष पाण्डेले प्रस्ताव गरेका योजना तथा कार्यक्रमहरु कार्यसमिति र सलूलाहकारसमेतले सुझावसहित सर्वसम्मतले पारित भएको हो । कार्यशाला वैठकले बुटवल ११ देवीनगरमा शिलान्याश भएको संघको सचिवालय भवन निर्माण गर्न निवर्तमान अध्यक्ष गोविन्दराज गैरेको संयोजकत्वमा निर्माण समिति बनाएको छ।

जसको सहसंयोजक संघका अध्यक्ष विष्णुप्रसाद पाण्डे र सदस्यहरुमा वरिष्ठ उपाध्यक्ष लोकनाथ पन्थी,उद्योग उपाध्यक्ष पदम जीसी,महासचिव यमलाल मरासिनी,कोषाधयक्ष नम्रता थापा र कार्यसमिति सदस्य दिलिप शर्मा रहेका छन्। भवन निर्माणको अनुगमन संयोजकमा संस्थापक अध्यक्ष खिमनारायण पराजुली तथा सदस्यमा सलूलाहकार ज्योति भण्डारी, कानूनी सलूलाहकार दामोदर घिमिरे रहेका छन् भने लेखा समितिमा कोशलराज भण्डारी संयोजक तथा अर्जुन गिरी र विजय आचार्य सदस्य रहेका छन्।

कार्यशाला वैठकमा संस्थापक अध्यक्ष एवं नेपाल उद्योग ब्यापार महासंघका महासचिव खिमनारायण पराजुलीले प्रशिक्षण सहित मन्तव्य राख्दै स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि राष्ट्रिय औद्योगिकरण तथा ब्यापार विविधिकरणको एजेण्डाका कारण अन्य व्यवसायिक संस्था भन्दा संघको पहिचान फरक रहेको स्पष्ट पारे । उनले नेपालको अर्थतन्त्रका सूचकांकहरु सकारात्मक दिशामा रहेकाले निराश नभई काम गर्न उद्योगी व्यवसायीलाई आग्रह गरे। अर्थतन्त्रमा देखिएका बैंक ब्याजदर, असन्तुलित ढंगले सीमित ठूला घरानामा प्रवाह भइरहेको कर्जाको ठूलो हिस्सालाई सन्तुलित बनाउन महासंघले केन्द्रमा सरकारसंग निरन्तर पहल र पैरवी गरेको र त्यसको नतिजा पनि आउने क्रममा रहेको बताए। सलूलाहकार ज्योति भण्डारीले सदस्यता बृद्धि गरेर दुई हजार पुऱ्याउन सुझाव दिंदै सचिवालय भवन निर्माण, आईएसओ प्रमाणपत्र लिने विषयलाई पनि प्राथमिकता दिन आग्रह गरे। उनले बुटवलका अन्य व्यवासायिक संस्था भन्दा उद्योग ब्यापार संघमा सबै विचार र आस्थाका व्यवसायी अटाउनसक्छन् र सबैको साझा संस्था हो भन्ने पहिचान स्थापित गर्न सके यसमा व्यवसायीको आकर्षण बढ्ने बताए।

संघका अध्यक्ष विष्णु प्रसाद पाण्डेले हालै सम्पन्न अधिवेशनबाट निर्वाचित भएर आएपछि विगतमा जस्तै कार्ययोजना तथा कार्यशाला वैठकमार्फत नयां कार्यक्रम र योजनाहरु अघि सारिएको बताए । उनले उद्योगी व्यवसायीले भोग्नुपरेका कर,राजस्व, घर भाडा,व्यवसाय नवीकरण छुटेको लगायतका समस्या समाधानमा संघको क्रियाशीलता बढाउने, राजनीतिक दल,सरकारी र गैर सरकारी निकायसंगको समन्वय र सहकार्य विस्तार लगायतका कार्यक्रम र गतिविधि गरिने बताए।

संघका निवर्तमान अध्यक्ष गोबिन्दराज गैरेले संघको सचिवालय भवन २ वर्षभित्र पूरा गर्ने गरी आफूले काम अघि बढाउने बताए। दुई वर्षअघि विषम परिस्थितिमा आफ्नो नेतृत्वमा चौथो राष्ट्रिय औद्योगिक प्रदर्शनी ऐतिहासिकरुपमा सफल बनाए जस्तै २ करोड लागत अनुमान गरिएको दुई तले भवन निर्माण गर्ने लक्ष्य राखेको बताए।

### २७ हजार ५०० राशीको आर्थिक पत्रकारिता पुरस्कार

कार्यशाला वैठकले सामाजिक उत्तरदायित्व अन्तर्गत २७ हजार ५०० नगद पुरस्कार राशी सहितको आर्थिक पत्रकारिता पुरस्कार स्थापना गरेको संघका अध्यक्ष पाण्डेले बताए । विशेषगरी बुटवलको आर्थिक र व्यवसायिक गतिविधि,उद्योगी व्यवसायीले भोग्नुपरेका समस्या , समाधानका उपाय, सम्बन्धित सरकारी निकायको दायित्व र भूमिका लगायत अर्थतन्त्रका वहुआमिक विषयमा खोजमूलक समाचार प्रकाशन प्रशारण गर्ने पत्रकारहरु मध्ये हरेक २ वर्षमा एक जनालाई नगद राशी सहित पुरस्कृत गरिने संघका उद्योग उपाध्यक्ष पदम जीसीले जानकारी दिए। पुरस्कार वितरणका लागि संघको सचिवालयले कार्यविधि बनाउने उनले बताए।

कायर्यशाला वैठक अघि बसेको संघको तेस्रो वैठकमा संघमा मनोनित कार्यसमिति सदस्य माया पाण्डेलाई अध्यक्ष विष्णु पाण्डेले सपथ गराएका थिए भने कोषाध्यक्ष नम्रता थापाले आर्थिक आय व्यय प्रस्तुत गरेकी महासचिव यमलाल मरासिनीले जानकारी दिए।

कार्यक्रममा वरिष्ठ उपाध्यक्ष लोकनाथ पन्थी,वाणिज्य उपाध्यक्ष केशव श्रीस,महिला उपाध्यक्ष अन्जु पाण्डे,कार्यसमिति सदस्यहरु लगायतले विभिन्न सुझावहरु राख्दै कार्यशाला वैठकले पारित गरेका योजनाहरु अक्षरशः पालनामा सबैको भूमिका हुनुपर्नेमा संघका जोड दिएका कार्यक्रम संयोजक एवं उद्योग उपाध्यक्ष पदम जिसीले बताए।

कार्यशालाले पारित गरेका अन्य योजना र कार्यक्रमहरुमा वस्तुगत समिति गठन, प्रविधि विस्तार,प्रशिक्षण तथा तालिम,बुटवलका बिभिन्न संघसस्थाहरु सँगको योजना सहित संयन्त्र बनाउने, भ्रमण तथा सम्वन्ध विस्तार,संघसंस्था र स्वदेशी उद्योगहरुको अध्ययन अवलोकन भ्रमण,बैदेशिक अवलोकन भ्रमण, सरकारी निकायसँग समन्वय तथा भेटघाट,उद्योगी व्यावसायीहरु सँग भेटघाट, बस्तुगत संस्थाहरुको समस्या पहिचान गरि सम्बन्धित संस्था र सरोकारवालाहरुसँग अन्तरक्रिया रहेका छन्।

यस्तै औद्योगिक व्यवसायिक एवं सिप अभिबृद्धि तालिम संचालन,महिला उद्यमी उत्प्रेरणा तालिम,लेखा सम्वन्धि तालिम,कर प्रशिक्षण,डाइरेक्टरी तथा भित्तेपात्रो प्रकाशन,विभिन्न कारणबाट धरासायी भएका उद्योगी व्यवसायीहरुको उठान तथा सहयोगको लागि पहल, नेतृत्व विकास सम्वन्धि तालिम, राजश्व,आयकर,भन्सार निती,लेखा सम्वन्धि तालिम तथा प्रशिक्षण,सरकारी तथा गैरसरकारी निकायबाट सहयोग तथा अनुदानको लागि पहल,उपमहानगरपालिका द्धारा आयोजना हुने सिपविकास सम्वन्धि कार्यक्रममा सहकार्य , भन्सार दरमा एकरुपताका लागि डेलिगेसन, बृक्षारोपण तथा संरक्षण, रक्तदान, अनाथ अपाङ्ग बृद्धआश्रमहरुलाई सहयोग,प्राकृतिक दैवी प्रकोपमा परेकालाई सहयोग, कृषिमा संस्थागत सामुहिक लगानी,गैरसंस्थागत लगानी, आजिवन सदस्यता र मानार्थ सदस्यता विस्तार योजना रहेका छन्।

# एसईई चैत १५ गतेदेखि, ४ लाख ८९ हजार परीक्षार्थी



काठमाडौँ, ८ माघ।

यस वर्षको कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसईई) चैत १५ गते बिहीबारदेखि हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले सोमबार नियमित र ग्रेडवृद्धि परीक्षाको तालिका सार्वजनिक गरेको हो।

परीक्षा चैत २७ गतेसम्म सञ्चालन हुनेछ । परीक्षामा ४ लाख ८९ हजार परीक्षार्थीले सहभागी हुन आवेदन दिएका छन्।

पहिलो दिन अनिवार्य अंग्रेजी, दोस्रो दिन नेपाली, चौथो दिन गणित र छैटौं दिन विज्ञान विषयको परीक्षा सञ्चालन हुने कार्यालयले जनाएको छ।

यसपटक एसईईमा सहभागी हुने विद्यार्थीले नयाँ पाठ्यक्रमको आधारमा पठनपाठन गरिरहेका छन् । यसै वर्षदेखि नयाँ ग्रेडिङ प्रणाली लागू हुँदैछ। जसमा सैद्धान्तिकतर्फ कम्तीमा ३५ प्रतिशत अंक नल्याउने विद्यार्थी नन्ग्रेडिङ (एनजी) मा पर्नेछन् । दुई विषयसम्म एनजी आउने विद्यार्थीले ग्रेडिवृद्धि परीक्षा दिन पाउनेछन्। दुईभन्दा बढी एनजी आए अर्को वर्ष ती विषयको परीक्षा दिनुपर्नेछ। कक्षा १२ मा गत दुई वर्षदेखि नै उक्त प्रणालीअनुसार नतिजा सार्वजनिक हुँदै आएको छ।

यसअघि सैद्धान्तिक र प्रयोगात्मकको अंक जोडेर विद्यार्थीलाई न्यूनतम ३५ प्रतिशत अंक नल्याए विद्यार्थीले ग्रेड प्राप्त गर्ने व्यवस्था थियो । २०७६ देखि विद्यालय तह कक्षा १-१२ मा नयाँ पाठ्यक्रम लागू भएसँगै मूल्यांकनमा पनि पाठ्यक्रम विकास केन्द्रले नयाँ ग्रेडिङ प्रणाली लागू गरेको हो।

# मालपोत कार्यालय अर्घाखाँचीबाट मिनकला गुरुङ्ग सेजवालको नामको जग्गा नामसारी सम्बन्धि विषयमा मिति २०८०/१०/०५ मा जारी भएको ३५ दिने सार्वजनिक सूचना

यस जिल्ला अर्घाखाँची सन्धिखर्क नगरपालिका वडा नं. ११ साविक डिभर्ना गा.वि.स.२ निवासी नामसिंहको नाति/बुहारी टेक बहादुर/नुमबहादुरको/जमबहादुरको छोरा/छोरी/श्रीमती डोर बहादुर सेजवाल, ईश्वरा सेजवाल र तुलसी सेजवालले आफ्नो आमा/हजुरआमा तथा सासु आमा मिनकला गुरुङ्ग सेजवालको मिति २०७४/१०/२५ मा मृत्यु भएको निजको श्रीमान टेक बहादुर गुरुङ्ग सेजवालको मिति २०७०/०८/१६ मा भएको बुवा आमाका हामी तीन भाई छोराहरु जेठो श्यामलाल सेजवाल, माहिलो डोर बहादुर सेजवाल र कान्छो नुम बहादुर सेजवाल रहेकोमा जेठो श्यामलाल सेजवालको मिति २०७९/३/२० मा मृत्यु भएको निजको एकमात्र श्रीमती तुलसी सेजवाल रहेको कान्छो छोरा नुम बहादुर सेजवालको मिति २०६८/४/२८ मा मृत्यु भएकोमा निजको एकमात्र श्रीमती गोमा सेजवाल रहेकोमा निज अर्को विवाह गरी गएको र निजहरुको सन्तान एकमात्र छोरी ईश्वरा सेजवाल रहेको हुँदा आमा मिनकला गुरुङ्ग सेजवालको नाममा डिभर्ना २ र खन ६ मा रहेका कि.नं. ८१५, ८१६, ४१५, ४२८, ४३५, ५०४, ५०५, ५४६, ४०२, ८४४, ४२६, ४२७, ९९६, ८३१, ८५४ र ८५८ का जग्गाहरु हामी ३ जना डोर बहादुर सेजवाल, ईश्वरा सेजवाल र तुलसी सेजवालको नाममा नामसारी गरी पाउँ भनि सन्धिखर्क नगरपालिका वडा नं. ११ को च नं. ६७८ मिति २०८०/१०/०३ को सिफारिस सहित माग निवेदन पेश गरेकोमा निजको मिसिल सामेल प्रमाण कागज हेर्दा निवेदकको आमा/बुहारी/देउरानी गोमा सेजवालले अर्को विवाह गरी गएको हो वा होईन ? निजको एकमात्र सन्तान छोरी ईश्वरा सेजवाल भएको व्यहोरा साँचो हो वा होईन ? निजहरुका अन्य कोही हकदार छन्, छैनन् ? निवेदकको माग बमोजिमको जग्गा नामसारी गरिदिन मिल्छ, मिल्दैन ? उक्त जग्गामा कोही कसैको दावी विरोध भएमा यो सूचना जारी भएको मितिले बाटोको म्यादबाहेक ३५(पैतिस) दिनभित्र दावी विरोधका लागि स-प्रमाण यस कार्यालयमा आउनुहोला अन्यथा निवदेकको माग बमोजिम तपशिलको जग्गा ईश्वरा सेजवाल, डोर बहादुर सेजवाल र तुलसी सेजवालको नाममा संयुक्त नामसारी भै जाने व्यहोरा सम्बन्धित सबैको लागि सुचित गरिन्छ।

तपशिल

| सि.नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | खन | ६ | ८१५ | ०.९.१.३ | आवादी | जग्गाधनिको नाम : मिनकला गुरुङ्ग सेजवाल नामसारी माग गर्ने : ईश्वरा सेजवाल, डोर बहादुर सेजवाल र तुलसी सेजवाल |
| २. | खन | ६ | ८१६ | ०.३.०.० | आवादी | |
| ३. | डिभर्ना | २ | ४१५ | ६.३.२.३ | आवादी | |
| ४. | डिभर्ना | २ | ४२८ | ०.३.१.१ | खर | |
| ५. | डिभर्ना | २ | ४३५ | ७.४.०.१ | खर | |
| ६. | डिभर्ना | २ | ५०४ | २३.८.१.३ | खर | |
| ७. | डिभर्ना | २ | ५०५ | ३.१०.०.३ | आवादी | |
| ८. | डिभर्ना | २ | ५४६ | २.१०.०.२ | खर | |
| ९. | डिभर्ना | ५ | ८३२ | १.०.०.० | आवादी | |
| १०. | डिभर्ना | २ | ४०२ | १.९.०.३ | आवादी | |
| ११. | डिभर्ना | २ | ८४४ | ०.३.१.० | आवादी | |
| १२. | डिभर्ना | २ | ४२६ | ०.११.२.२ | खर | |
| १३. | डिभर्ना | २ | ४२७ | १.०.१.०.२ | खर | |
| १४. | डिभर्ना | २ | ९९६ | ४.०.०.३ | खर | |
| १५. | डिभर्ना | २ | ८३१ | ०.४.०.० | आवादी | |
| १६. | डिभर्ना | २ | ८५४ | १.६.०.० | आवादी | |
| १७. | डिभर्ना | २ | ८५८ | ०.१.०.१ | आवादी | |

क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# प्रधानमन्त्री कपः
# ललितको ५ विकेटमा पुलिसको चौथो जित

**गौतमबुद्ध सन्देश**
भैरहवा, माघ ८।

नेपाल पुलिस क्लबले प्रधानमन्त्री कप एकदिवसीय पुरुष क्रिकेट प्रतियोगितामा लगातार चौथो जित निकालेको छ । सोमबार भैरहवास्थित सिद्धार्थ रंगशालामा भएको खेलमा नेपाल एपीएफ क्लबलाई ५८ रनले पराजित गर्दै पुलिसले लगातार चौथो जित निकालेको हो। एपीएफले भने लगातार दोस्रो हार बेहोरेको छ।



बायाँ हाते स्पिनर ललित नारायण राजवंशी चम्किँदा पुलिसको जित सहज भयो । ललतिले ८ ओभरमा मात्र ८ रन खर्चेर ५ विकेट लिए । पुलिसले प्रस्तुत गरेको १ सय ४६ रनको लक्ष्य पछ्याउने क्रममा एपीएफ ३४ ओभरमा ८७ रनमै अलआउट भयो। एपीएफका लागि सन्दीप जोरा ६७ बलमा २५ रन जोड्दै नटआउट रहे। उनले २ चौका प्रहार गरे। निकै खराब सुरुवात गरेको एपीएफ एक समय ४०-७ को स्थितिमा थियो । अमर रौतेला र सन्दीपले आठौं विकेटका लागि ४३ रनको साझेदारी गर्दै खेलमा फर्काउने प्रयास गरेका थिए । तर अमर ललितकै बलमा क्याच आउट भएपछि पुलिस जिततर्फ अग्रसर भयो। अमरले ५४ बलमा ३ चौकासहित २३ रन जोडे।

प्रदीप ऐरीलाई सातौं ओभरमा गुमाएपछि सुरु भएको विकेट पतन रोक्न नसक्दा एपीएफ हारको सामना गर्न पुग्यो । प्रदीप ४ रन जोड्दै ललित राजवंशीको बलमा कुशल भुर्तेलबाट स्लिपमा क्याच आउट भए । पुरण विक १ रन जोड्दै रनआउट हुँदा प्रज्वल शाही १३ रन जोड्दै ललितकै बलमा क्याच आउट भए । त्यसपछि लोकेश बम र कप्तान रोहित पौडेल कुनै रन नथपी पेभेलियन फर्कँदा एपीएफ २५-५ को स्थितिमा पुग्यो। सुमित महर्जन २ र भुवन कार्की ४ रन जोडेर आउट भए। मौसम ढकाललाई ललितले दोस्रो बलमा बोल्ड गरे । अन्त्यमा रमेश कुर्मी रनआउट भएपछि पुलिसको जित पक्का भएको थियो।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको पुलिसले १ सय ४५ रन जोडेको थियो । खराब मौसमका कारण ४९ ओभरमा घटाइएको खेलमा पुलिस ४१ ओभरमा अलआउट भयो। पुलिसका लागि ओपनर दिलिप नाथले सर्वाधिक ४४ रन जोडे । पहिलो ओभरमा सुनिल धमलालाई शून्यमा गुमाएको पुलिसले दोस्रो विकेटका लागि राम्रो साझेदारी पायो। दिलीप र अर्जुन साउदले ७६ रनको साझेदारी गरेका थिए। दिलिप ६३ बलमा ५ चौका र १ छक्का प्रहार गर्दै रोहितको शिकार बने । त्यसपछि भने एपीएफले लगातार विकेट लियो। अर्जुन साउदले ३१, शंकर रानाले २२ र दीपेन्द्रसिंह ऐरीले १५ रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्। कुशल भुर्तेल र करण केसी डक आउट हुँदा अमित श्रेष्ठ ८, रशिद खान ५ र ललित राजवंशी ४ रनमा आउट भए। एपीएफका भुवन कार्कीले ३ विकेट लिँदा अमर रौतेला र रमेश कुर्मीले २-२ विकेट लिए। पुरण विक, रोहित पौडेल र मौसम ढकालले समान १-१ विकेट लिए। पुलिसका ललित प्लेयर अफ द म्याच भए। एपीएफ यस हारसँगै ४ खेलमा ४ अंकसाथ पाँचौ स्थानमा छ। पुलिस भने ४ खेलमा ४ जित दर्ता गर्दै ८ अंकका साथ शीर्षस्थानमा उक्लिएको छ।

# दुर्घटनामा परी चार जनाको मृत्यु

दाङ, ८ माघ।

बर्दियाबाट काठमाडौं जाँदै गरेको रात्रिबस पूर्व-पश्चिम राजमार्ग अन्तर्गत दाङको देउखुरीमा दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। दुर्घटनामा चालकसहित दुई जना घाइते छन्।

प्रदेश ३-०१-००५ख ९७१९ नम्बरको रात्रिबस आइतबार राति लमही नगरपालिका-९ रिहारनजिक दुर्घटना हुँदा गेरुवा गाउँपालिकाका-१ बर्दियाका ३६ वर्षीय भीमनाथ योगी र मधुवन नगरपालिका-२ बर्दीयाका ५२ वर्षीय युवराज चौधरीको घटनास्थलमै मृत्यु भएको ईलाका प्रहरी कार्यालय अमिलियाले जानकारी दिएको छ।

दुर्घटनामा बस चालक मधुवन नगरपालिका-४, बर्दियाका ३२ वर्षीय खुशिराम चौधरी र बसधनी गुलरिया नगरपालिका-४ बर्दियाका ४० वर्षीय दीपक विक घाइते भएको जिल्ला प्रहरी कार्यालय दाङका सूचना अधिकारी डिएसपी जनकबहादुर मल्लले जानकारी दिए । घाइतेहरुको नर्सिङ होम नेपालगञ्जमा उपचार भइरहेको उनले बताए । प्रहरीका अनुसार बसमा ४७ जना यात्रु सवार रहेकोमा सबै सकुशल छन् । दुर्घटनाको कारण थाहा हुन नसकेको र घटनाबारे अनुसन्धान भइरहेको मल्लले बताए। बस अनियन्त्रित भई भित्तामा ठोक्किन पुगेको छ। पुस २८ गते राति बाँकेको नेपालगञ्जबाट काठमाडौं जाँदै गरेको बस दाङको राप्ती गाउँपालिका-१ भालुवाङस्थित




राप्ती पुलबाट खस्दा १२ जनाको मृत्यु भएको थियो। यसैबीच रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकामा मोटरसाइकल दुर्घटनामा परी २ जनाले ज्यान गुमाएका छन् । लुम्बिनी सांस्कृतिक नगरपालिका-३ महिलवार पडरिया सडक खण्डको लंकापुरमा आज बिहान दुर्घटना भएको हो।

लु ५८ प २७२८ र यूपी ५५ बल ११११२ नम्बरको भारतीय मोटरसाइकल एक आपसमा ठोक्किएका हुन् । दुर्घटनामा कपिलवस्तुको शुद्धोधन गाउँपालिका-५ टोल हथिहवा बस्ने ४५ वर्षका शिवकुमार यादवको मृत्यु भएको छ। यस्तै, भारतको सिद्धार्थनगरका २४ वर्षीय धीरज चौधरीको पनि मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ।

बाक्लो हुस्सु र शीतलहरको समयमा तीब्र गतिमा मोटरसाइकल हाँक्दा एकआपसमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ । उनीहरूको शव पोस्टमार्टम गरी रुपन्देहीको भैरहवास्थित भीम अस्पतालमा राखिएको छ।







## काठदाउरा बोलपत्र द्वारा लिलाम बिक्री सम्बन्धि दोस्रोपटक प्रकाशित सुचना

माईकोटडाडा सामुदायिक बन उपभोक्ता समूहको बन बाट उत्पादन तथा ढलापढाबाट उत्पादन भई सितगङ्गा नगरपालिका वार्ड नम्बर-९ पाकुरिमा घाटगद्दिमा रहेको ४९०।०४ क्युफिट साल काठ डिभिजन बन कार्यालय अर्घाखाँचीको मिति २०८०/७ / १६ चलानि नम्बर ४०४ को लिलाम सहमति अनुसार जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सुचना दोस्रोपटक प्रकासित गरिएको छ। ईच्छुक डिभिजन बन कार्यलयमा सुचिकृत फर्मले यो सुचना दोस्रो पटक प्रकासित भएको मितिले १५ दिन भित्र सिलबन्दि बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारी का लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यलय मा सम्पर्क राख्न सकिने छ। पुर्ण ब्योहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यलय को सुचना पार्टिमा टास गरिएको छ।

**श्री माईकोटडाडा सामुदायिक बन उपभोक्ता समूह**
सि. न . पा .- ९, अर्घाखाँची

# Bhumikasthan Municipality
## Nuwakot, Arghakhanchi
## Lumbini Province, Nepal
## Invitation for Bids

Second Date of publication: 23-01-2024 (2080-10-09)

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding - Single Envelope Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp. and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of **NRs.1000/-** as bidding document fee in the account as specified below:

**Information to deposit the cost of bidding document in Bank:**
- Name of the Bank: Parbhu Bank Ltd.
- Name of Office: Bhumikasthan Municipality Office
- Office Account no: 2587086986800138
- Account Name : Internal Revenue.

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 07th February, 2024 13:00 hours at the office of Bhumikasthan Municipality Arghakhanchi Lumbini Province Nepal. Bid Security must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.

**Information to deposit the BID Security Amount in Bank:**
- Name of the Bank: Parbhu Bank Ltd.
- Name of Office: Bhumikasthan Municipality Office
- Office Account no: 2587086986800048
- Account Name : Dharouti Account.

5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality Arghakhanchi Lumbini Province, Nepal at 01st February, 2024 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 07-02-2024 12:00 PM. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 07-02-2024 13:00 hours at the office of Bhumikasthan Municipality Arghakhanchi Lumbini Province, Nepal.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive of VAT and Contingencies) | Bid Security Amount In NRs | Bid security valid period |
|---|---|---|---|---|---|
| 09/BMA/W/ RM/080/81 | Okhate Dadheri Dip Manname Pipalneta Sahid Rishikrishna Motorable Road Construction Works. | NRs. 1000.00 (Not Refundable) | 1038954.73 | NRs. 30000 | 75 |
| 11/BMA/W/ RM/080/81 | Dotakapokhara Jhakrikathan Hudai Badachour Motorable Road Upgrading works. | NRs. 1000.00 (Not Refundable) | 692622.70 | NRs. 20000 | |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनिक**का लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह–सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल